# त्रिभुवन विश्वविद्यालय सेवा आयोगद्वारा खुला प्रतियोगिताको उप-प्राध्यापक पदकोलागि लिइने लिखित परीक्षाको पाठ्यक्रमको बिशिष्टिकरण तालिका
# (Specification Chart)

## २०७७

## प्रथम पत्र,  पूर्णाङ्कः १००

**प्रथम पत्रः अभिक्षमता तथा बिषयगत ज्ञान परीक्षण (वहुवैकल्पिक छनौट प्रश्न)**

**समयः ५० मिनेट + ५० मिनेट= १ घण्टा ४० मिनेट**

**पहिलो खण्डः अभिक्षमता परीक्षण (Aptitude test)**

| | अभिक्षमता सम्बन्धी प्रश्नका क्षेत्रहरु | अंकभार | प्रश्न संख्या | कूल अंक | विस्त्रितिकरण |
|---|---|---|---|---|---|
| (क) | शिक्षण अभिक्षमता (Teaching Aptitude) | ८ | ८ | ८ | (क) शिक्षणको उद्धेस्य, बिशेषता, उच्च शिक्षामा शिक्षण गर्नका निम्ति आवश्यक गुणहरु, शिक्षण बिधि तथा विद्यार्थी मुल्याङ्कन सम्बन्धी प्रश्नहरु । |
| (ख) | संचार/संवाद अभिक्षमता (Communication Aptitude) | ४ | ४ | ४ | संचार/संवादका आधारभूत बिशेषताहरु, कक्षाकोठा संचार सम्बन्धी प्रश्नहरु । |
| (ग) | अनुसन्धान तथा प्रकाशन नैतिकता, तथ्याङ्क ब्याख्या (Research Aptitude, publication ethics and Data Interpretation) । | १० | १० | १० | अनुसन्धानको अर्थ, उद्धेस्य, प्रकार, बिधि, अनुसन्धान तथा प्रकाशन नैतिकता (research & publication ethics), तथ्याङ्कका स्रोत, तथ्याङ्कमा पहुँच र उपलब्धता, प्रस्तुतिकरण तथा अनुसन्धानमा आधारित लेख, जर्नलको गुणस्तर र शोधपत्रको खाका सम्बन्धी प्रश्नहरु । |
| घ) | सुचना तथा संचार प्रबिधि ( Information & Communication Technology [ICT]) । | ८ | ८ | ८ | सुचना तथा संचार प्रबिधि (ICT) का सकारात्मक पक्षहरु, ICT ले निम्त्याएका चुनौतीहरु, शिक्षण सिकाइ तथा अनुसन्धानमा ICT को प्रयोग, virtual learning platforms, digital education resources and tools तथा तिनको प्रयोग सम्बन्धी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रश्नहरु । |
| ङ) | मानव, समाज तथा बाताबरण (People, Society and Environment)। | १० | १० | १० | नेपालको भौगोलिक, जनसांखिक संरचना, राज्य व्यबस्था तथा, भाषिक, जातीय एवं साँकृतिक संपदा, प्राकृतिक स्रोत, मानिस र बाताबरणबिच संबन्ध, प्राकृतिक बाताबरणमा मानिसको हस्तक्षेप र यसको परिणाम सम्बन्धी प्रश्नहरु । |
| (च) | उच्च शिक्षा प्रणाली (Higher Education System)। | ५ | ५ | ५ | नेपालको संविधानमा शिक्षा संबन्धी प्रावधानहरु, नेपालको शिक्षा प्रणाली, नेपालमा उच्च शिक्षा को विकास र वर्तमान अवस्था, उच्च शिक्षा नीति । |
| (छ) | त्रिभुवन विश्वविद्यालय (TU) | ५ | ५ | ५ | त्रि. वि. ऐन, नियम तथा सांगठनिक स्वरुप सम्बन्धी प्रश्नहरु । |
| **कूल भार** | | **१** | **५०** | **५०** | |
| **दोस्रो खण्डः बिषयगत परीक्षण** | | | | | |
| | **बिषयगत प्रश्नका क्षेत्रहरु** | **अंकभार १** | **प्रश्न संख्या ५०** | **कूल अंक ५०** | **विस्त्रितिकरण** |
| (क) | ज्ञान/जानकारी तथा बोध (Knowledge and Comprehension/ understanding) तहका प्रश्न । | विषयगत वहुवैकल्पिक प्रश्नको वितरण गर्दा ज्ञान/जानकारी तथा बोध (Knowledge and Comprehension/ understanding) तहका करीब ३० देखि ३५ प्रश्नहरु, प्रयोगात्मक (Application) तहका १० देखि १५ प्रश्नहरु र उच्च तहः विश्लेषण, संश्लेषण, मुल्याङ्कन (Analysis, Synthesis, Evaluation) तहका ५ देखि १० प्रश्नहरु गरी जम्मा ५० प्रश्नहरु सोधिनेछन् । | | | |
| (ख) | प्रयोगात्मक (Application) तहका प्रश्न । | | | | |
| (ग) | उच्च तहः विश्लेषण, संश्लेषण, मुल्याङ्कन (Analysis, Synthesis, Evaluation) तहका प्रश्न । | | | | |

# दोस्रो पत्र, पूर्णाङ्कः १००

| द्वितिय पत्रः विषयगत विज्ञता, अनुसन्धान तथा शिक्षण-सिकाइ (विश्लेषणात्मक प्रश्न) समयः ३ घण्टा | | | | | |
|---|---|---|---|---|---|
| | **विषयगत प्रश्नका क्षेत्रहरु** | **अंकभार** | **प्रश्न संख्या** | **कूल अंक** | **विस्त्रितिकरण** |
| (क) | बिषयगत ज्ञान तथा विश्लेषण | १० | ५ | ५० | बिषयगत ज्ञान तथा विश्लेषण समेट्ने ५ प्रश्नहरु । |
| (ख) | बिषयगत नविन प्रवृत्ति | १० | १ | १० | बिषयगत समकालिन नविन प्रवृत्ति, त्यसका प्रभाव एवं उपादेयता (Implications) समेट्ने प्रश्न । |
| (ग) | बिषयगत अनुसन्धान विधि तथा प्रयोग | १० | १ | १० | बिषयगत अनुसन्धान समस्याको पहिचान, विधिको छनौट, तथ्याङ्क बिश्लेषण, बिषयगत शिक्षण/सिकाइमा उपयुक्तता, उपयोगिता, सान्दर्भिकता, चुनौती सम्बन्धी प्रश्न । |
| (घ) | बिषयगत प्राज्ञिक समस्या र समाधान | १० | १ | १० | विषयसँग सम्बन्धी घटना, मुद्धा र चुनौतीको पहिचान, समस्या समाधानका सृजनात्मक एवं मौलिक उपाय प्रस्तुत गर्नु पर्ने खालका प्रश्न । |
| (ङ) | पाठ्यक्रम | १० | १ | १० | त्रि.वि.को सम्बन्धित बिषयको स्नातक र स्नातकोत्तर तहका बिषयगत पाठ्यक्रमको संरचना सम्बन्धी प्रश्न । |
| (च) | शिक्षण सिकाइ तथा विद्यार्थी मुल्याङ्कन । | १० | १ | १० | बिषयगत शिक्षणको बिधि, सान्दर्भिकता, प्रयोग र सुधारका उपायहरु तथा बिद्यार्थीको सिकाइ मुल्याङ्कन सम्बन्धी प्रश्न । |
| **द्रष्टव्यः** (ख), (ग), (ङ), र (च) क्षेत्रहरुको संदर्भमा सोधिने प्रश्नहरुलाई दुई खण्डमा विभाजन गरेर ५/५ अङ्कका दुईवटा प्रश्नहरु पनि सोध्न सकिनेछन् । | | | | | |

**द्रष्टब्यः**

(क) लिखित परीक्षाका लागि १००/१०० पूर्णाङ्कका दुई पत्रहरु हुनेछन् ।

(ख) प्रत्येक पत्रका उत्तिर्णाङ्क ५० प्रतिशत हुनेछ ।

(ग) वहु वैकल्पिक प्रश्नको विकल्प छनोट गर्दा गलत विकल्प छानेमा ऋणात्मक मूल्यांकन (Negative Marking) गरिने छ अर्थात् यसरी मूल्यांकन गर्दा प्रत्येक गलत उत्तरको लागि ०.२५ अंक प्राप्ताङ्कबाट घटाइने छ (उदाहरणका लागि परीक्षार्थीले २० अङ्कको वहुवैकल्पिक प्रश्नमा १५ प्रश्नको सही उत्तर र ५ प्रश्नको गलत उत्तर दिएमा निजको प्राप्ताङ्क १५-१.२५=१३.७५ अङ्क हुनेछ ।

(घ) भाषा विषय वाहेक अन्य विषयका लागि उत्तरको माध्यम अंग्रेजी वा नेपाली हुनेछ ।